# शुभकामना

निजामती सेवाले कानूनी रूपमा संस्थागत स्वरुप लिएको दिन पारेर हरेक वर्ष मनाउने गरिएको निजामती सेवा दिवसका अवसरमा सम्पूर्ण निजामती कर्मचारीलाई हार्दिक शुभकामना व्यक्त गर्दछु ।यस दिवसले निजामती प्रशासनलाई स्वच्छ, सक्षम, सरल, जनमुखी, विकासमुखी र पारदर्शी बनाउन प्रेरणा मिल्ने विश्वास लिएको छु।

तत्कालिन प्रधानमन्त्री टंकप्रसाद आचार्यले २०१३ साल भाद्र २२ गते निजामती ऐन ल्याएको दिन पारेर २०६२ सालदेखि निजामती सेवा दिवस मनाउन थालिएको स्मरण गर्दछु।नेपालका हरेक अग्रगामी राजनीतिक परिवर्तनमा निजामती कर्मचारीहरूको प्रत्यक्ष र परोक्ष योगदान प्रशंसायोग्य रहेको छ।

तानाशाही विरुद्धको संघर्ष, त्यस संघर्षमा खेप्नु परेको पीडा र गर्नु परेको वलिदान एवम् आफ्ना पेशागत हकहितका लागि गरेका संघर्ष सकारात्मक र प्रशंसायोग्य छन्। यस घडीमा कोशी प्रदेश सरकार संघर्षहरूमा शहादत प्राप्त गर्ने शहिदहरूप्रति श्रद्धासुमन अर्पण गर्दछ।

निजामती सेवाको आदर्श र अस्तित्व राज्यसँग प्रत्यक्ष जोडिएको हुन्छ र राज्यले आफ्ना नागरिकलाई आफ्नो उपस्थिती र न्यायमा आधारित सुशासन प्रदान गर्न निजामती कर्मचारीहरुको भुमिका अतुलनीय हुन्छ। निजामती सेवाको आदर्श र यस क्षेत्रमा अन्य क्षेत्रहरूका व्यवहारले सुशासन र प्रशासनप्रति जनविश्वास जाहेर गर्दछ। आज देशमा लोकतन्त्र छ, लोकतान्त्रिक संविधान छ र जनतामा सार्वभौमसत्ता रहेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणाली छ। अब हामी जो जहाँ छौं त्यहींबाट सबैले यस प्रणालीलाई सफल पार्नु पर्दछ। यतिबेला समस्त कर्मचारीले स्वच्छ आचरण र उच्च नैतिक मनोबलका साथ राष्ट्रिय एकताको भावधारामा एकतावद्ध हुँदै सुशासन र विकासको बाटोमा अग्रसर हुनु जरुरी छ। यसका लागि आफ्नो दक्षता अभिवृद्धि गर्न र देशको विकास एवम् जनताको सेवामा निष्ठापूर्वक समर्पित हुनसमेत जरुरी छ।

यस अवसरमा सम्पूर्ण निजामती कर्मचारीहरुमा उच्च नैतिक आचरण र पेशागत निष्ठामार्फत जनताप्रति उत्तरदायी र असल शासनको व्यावहारिक अनुभूति प्रदान गर्न सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

२२ भदौ २०८१

हिक्मतकुमार कार्की

मुख्यमन्त्री

मुख्यमन्त्री